# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## लुम्बिनी प्रदेश कार्यालय

राप्ती उपत्यका, (देउखुरी), दाङ्ग।

**प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तथा वर्गीकृत (निशुल्क) छात्रवृत्ति तर्फका विभिन्न कार्यक्रमहरुको रिक्त कोटाको योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशित मिति २०८२।०८।१५)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर द्वारा विभिन्न मितिमा प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत संचालनमा रहेका शिक्षालयहरुमा प्रि- डिप्लोमा र डिप्लोमा/ प्रमाणपत्र तह तर्फ वर्गीकृत निशुल्क छात्रवृति तथा पूर्ण शुल्कीय तर्फका विभिन्न कार्यक्रमहरुमा अध्ययनका लागि पुन अनलाईन मार्फत प्राप्त आवेदनहरु स्वीकृत गरी "**प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाण पत्र तहमा प्रशिक्षार्थी छनोट छात्रवृति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८२**" बमोजिम एस.एल.सी /एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए का आधारमा र सामुदायिक तथा संस्थागत विद्यालय/शिक्षालयको अंकभारका आधारमा सम्बन्धित शिक्षालयको स्वीकृत कार्यक्रम तथा कोटा अनुसार मिति २०८२/८/१५ गतेको निर्णयानुसार मुख्य उम्मेदवार योग्यताक्रम सूची शिक्षालयगत रुपमा प्रकाशन गरिएको व्यहोरा जानकारी गराउदछौ।मुख्य उम्मेदवार रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका प्रशिक्षार्थीहरु मिति २०८२/०८/१६ गते मंगलबार कार्यालय समय भित्र आफ्नो Application Acceptance Card, योग्यताक्रम प्रति, शैक्षिक योग्यताको प्रमाण पत्र ,नागरिकता वा जन्मदर्ता प्रमाण पत्र छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्र ,पासपोर्ट साईजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराईन्छ।साथै सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका को दफा १८ र १९ सूचनामा उल्लेख भए बमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ।

निर्देशक